आज मिति २०७४ साल फाल्गुण १० गते बिहिबारका दिन यस तीनपाटन गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा देहायको उपस्थितिमा बसी तपशिलका प्रस्ताबहरु माथी छलफल गरि निर्णय गरियो ।

## उपस्थिति

१. श्री कर्ण बहादुर मगर - अध्यक्ष
२. श्री पदममाया तमाङ - सदस्य
३. श्री गोबिन्द बहादुर राउत - सदस्य
४. श्री हेम बहादुर श्रेष्ठ - सदस्य
५. श्री लाल बहादुर स्याङतान - सदस्य
६. श्री खड्ग बहादुर भुजेल - सदस्य
७. श्री दिनेश कुमार रमौली - सदस्य
८. श्री बीर बहादुर पुलामी - सदस्य
९. श्री कोमल बहादुर खपाँङ्गी - सदस्य
१०. श्री रेखराज अधिकारी - सदस्य
११. श्री शेर बहादुर मगर - सदस्य
१२. श्री पुण्यहरी भुजेल - सदस्य
१३. श्री हित लाल श्रेष्ठ - सदस्य
१४. श्री जगदिश्वर तोलाँङ्गी - सदस्य
१५. श्री दुध कुमारी ठकुरी - सदस्य
१६. श्री देबमाया श्रेष्ठ - सदस्य
१७. श्री टेक बहादुर परियार - सदस्य
१८. श्री भगवती कुमारी श्रेष्ठ - सदस्य
१९. श्री गीतामाया थापा मगर - सदस्य
२०. श्री सुरेन्द्र प्रधान - सदस्य सचिव

श्री झिल्ली बहादुर खड्का ना.प्र.
श्री गोपाल प्रसाद पहाडी ना.प्र.

(१) निकासी कर सम्बन्धमा।

निर्णय:- प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँपालिकाको गाउँसभाले आर्थिक ऐनको अनुसूची ५ बमोजिमको करको दर निर्धारण गर्न छुट भएकोले आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी हाललाई देहाय बमोजिमको निकासी कर लगाउने निर्णय गरियो।

तीनपाटन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लाम्पन्टार, सिन्धुली ३ नं. प्रदेश, नेपाल

अनसुची-५

(दफा ६ संग सम्बन्धीत)

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र** उत्पादन भई निकासी हुने देहायका मालवस्तुमा देहायको **जडीबुटी, कवाडी करको दर**
गाउंपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भई निकासि हुने उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल, जीवित जन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत देहाय बमोजिमको जडिबुटी कवाडी र जीवजन्तु कर लाग्नेछ।

क) कागतजन्य सामग्रीको प्रति किलोग्राम रु पचास पैसा

ख) फलामजन्य सामानका लागि प्रति किलोग्राम रु एक

ग) स्टिलजन्य सामानका लागि प्रति किलोग्राम रु एक

घ) अन्यको हकमा प्रति किलोग्राम रु एक

ङ) निजि तथा सामुदायिक बनसमुहबाट बेचिएका काठ दाउराको हकमा देहाय बमोजिम हुनेछ।

| सि.नं. | नाम | ईकाइ | दर रु मा |
|---|---|---|---|
| १ | बाँस | प्रती गोटा | २ |
| २ | सिसौ, साल दाउरा (सम्बन्धित जिल्लाको वन कार्यालयको चलानीको आधारमा) | प्रती ट्रिप | ५,००० |
| ३ | अन्य दाउरा (सम्बन्धित जिल्लाको वन कार्यालयको चलानीको आधारमा) | प्रती ट्रिप | २,५०० |
| ४ | खयर तथा सालको गोलिया चिरान काठ | प्रती क्यु फिट | ५० |
| ५ | असना गोलीया चिरान | प्रती क्यु फिट | २५ |

प्रस्ताव नं. २ सवारी कर सम्बन्धमा।

निर्णय:- प्रस्ताव नं. २ माथी छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको गाउँसभाबाट आर्थिक ऐनको अनुसूची ६ बमोजिमको करको दर निर्धारण गर्न छुट भएकोले आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी हाललाई देहाय बमोजिमको सवारी कर लगाउने निर्णय गरियो।

तपशिल

वार्षिक सवारी साधनको करको दर रेट

(i) बस, ट्रक, लरी र अन्य हेभी गाडी - रु. ३०००।- (तिन हजार)
(ii) भाडाको कार जिप - रु. ५००।- (पाँच सय)
(iii) भाडाको टेम्पो अटो रिक्सा - रु. ३५०।- (तिन सय पचास)
(iv) भाडाको मिनि बस - रु. ५००।- (पाँच सय)
(v) निजी कार, टेम्पो, मिनिबस - रु. ५००।- (पाँच सय)
(vi) स्कुटर, मोटरसाईकल - रु. १००।- (एक सय)
(vii) ट्राक्टर - रु. १५००।- (एक हजार पाँच सय) भएको

परके सवारी कर

(i) निजी तथा भाडाका बस, ट्रक र ट्याक्टर - रु. ५०१- (पचास)
(ii) मिनी बस - रु. ३०१- (तिस)
(iii) निजी तथा भाडाको कार र टेम्पो - रु. २०१- (बिस)
(iv) अन्य सवारी साधन - रु. २०१- (बिस)

एक स्थानिय तहले सवारी दर्ता तथा वार्षिक सवारी कर लिए पछि अर्को स्थानिय तहले त्यस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर लिईने छैन।

प्रस्ताव नं. ३ विषयगत शाखाको कार्यविधि निर्माण सम्बन्धमा।
निर्णय:- प्रस्ताव नं. ३ माथी छलफल गर्दा सम्बन्धित विषयगत शाखाको संयोजकले आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञ समेतको राय सल्लाह लिई कार्यविधि निर्माण गरि मिति २०७४।१२।०६ सम्ममा गाउँपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरीयो।

प्रस्ताव नं. ४ विषयगत समितिलाई पूर्णता दिने सम्बन्धमा।
निर्णय:- प्रस्ताव नं. ४ माथी छलफल गर्दा सम्बन्धित विषयगत शाखाको संयोजक र सम्बन्धित विषयगत समितिको संयोजक समेतको राय परामर्शबाट सम्बन्धित विषयगत समितिलाई पूर्णता दिई आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरीयो।

प्रस्ताव नं. ५ पशु सेवाको वार्षिक कार्यक्रम सम्बन्धमा।
निर्णय:- प्रस्ताव नं. ५ माथी छलफल गर्दा पशु विकास शाखाबाट प्रस्ताव भै आएको कार्यक्रममा अन्य कार्यक्रमको रुपमा सम्बन्धित विषयगत शाखाले निर्धारित मापदण्ड अनुसार छनौट गर्ने निर्णय गरीयो।

प्रस्ताव नं. ६ स्वास्थ्य चौकीको घडेरी सम्बन्धमा।
निर्णय:- प्रस्ताव नं. ६ माथी छलफल गर्दा ~~स्वास्थ्य चौक~~ तीनपाटन गाउँपालिका वडा नं. ३ मा स्वास्थ्य चौकीको नाममा ०-१-०-० (१ कठ्ठा) मात्र जमिन भई भौतिक पूर्वाधार निर्माण कार्यको लागि घडेरी अपुग भएकोले तपशिलका व्यक्तिहरुबाट तपशिल बमोजिमको जग्गा दान स्वरुप प्राप्त गरी स्वास्थ्य चौकीको नाममा रजीष्ट्रेशन पास गर्ने निर्णय गरीयो।

तपशिल

(क) तीनपाटन गाउँपालिका वडा नं. ३ निवासी लाल बहादुर लामाको नाममा दर्ता कायम रहेको साविक रानीचुरी गा.वि.स. वडा नं. ९ग कि.नं. ११० क्षेत्रफल ०-१२-१ मध्ये उत्तर पश्चिमबाट ०-४-०
(ख) तीनपाटन गाउँपालिका वडा नं. ३ निवासी चन्द्र बहादुर तामाङको नाममा दर्ता कायम रहेको साविक रानीचुरी गा.वि.स. वडा नं. ९ग कि.नं. १४२ क्षेत्रफल ०-२-०-० मध्ये दक्षिण पूर्वबाट ०-१-०-०

(३) तीनपाटन गाउँपालिका वडा नं. ३ निवासी अम्मर बहादुर तामाङको नाममा दर्ता कायम रहेको साविक रानीचुरी गा.वि.स वडा नं ६ ग कि.नं. १४३ क्षेत्रफल ०-२-०-०

प्रस्ताव नं. ६ कार्यालय सहयोगी कर्मचारी सम्बन्धमा ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस गाउँपालिका भित्र रहेका विभिन्न स्वास्थ्य संस्थाहरुमा करार सेवामा कार्यरत कार्यालय सहयोगी कर्मचारीहरुको २०७४ पौष मसान्तमा करार अवधि समाप्त भै उक्त रिक्त स्थानमा करार सेवामा पदपूर्तिका लागि मिति २०७४।१०।११मा प्रकाशित कार्यालय सहयोगी/पाले/स्वीपर पदको विज्ञापन रद्द गर्ने र साविक कार्यालय सहयोगी पदमा करार सेवामा कार्यरत रहेका कर्मचारी हरुलाई दिइदै आएको मासिक तलब रु ९०००।-(नौ हजार) मात्रको दरले तलव भुक्तानी गर्न स्वास्थ्य तर्फको ससर्त बजेटबाट रकम अपुग भएकोले २०७४ फाल्गुण १५ देखि २०७५ असार मसान्तसम्म जम्मा ४ महिना १५ दिनका लागि मासिक तलब रु ३५००।-(तिनहजार पाँचसय) मात्र का दरले भुक्तानी हुने गरी करार सम्झौता गराई कामकाज गराउने निर्णय गरियो।